ॐ ज्ञान ज्योति
९२ अङ्क

ॐ



**श्री महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**लुम्बिनी बचत तथा ऋण स.सं.लि., बुटवल**

# सहकारी सन्देश

## २५ औं वार्षिक साधारण सभा तथा रजत जयन्ती वर्षको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदनबाट !

**सहकारीको पृष्ठभूमि :**

मानव सभ्यताको विकास क्रमको ढुंगे युगदेखिनै मानव समुदायले आफूहरूलाई प्राकृतिक प्रकोप, नदीनाला, वनजङ्गल, पशुपंछी आदिबाट सुरक्षित राख्न एक्लैले सामना गर्न नसक्ने हुँदा परिवार र समूहमा एकत्रित भई सहयोग र सहकार्य गर्दै आजको ८४ लाख योनीमा (वैदिक शास्त्र अनुसार) सर्वश्रेष्ठ कहलाउन सफल भएको छ ।

अहिलेको आधुनिक युगमा पनि खाना, नाना, छाना जस्ता जीवनका आधारभूत आवश्यकताका साथै शिक्षा, स्वास्थ्य, औषधी उपचार, रोजगारी, पानी, विद्युत् र विद्युतीकरण, यातायात, संचार, बाटाघाटा, ढुवानी, पर्यावरण, उत्पादक, वितरण, नयाँ खोज, अनुसन्धान, अन्तरिक्ष, वायुमण्डल, प्रदूषण जस्ता अनेकौं समस्याहरू चुनौतिपूर्ण रहेकाछन् र यसका समाधानका लागि सामूहिक प्रयास अपरिहार्य छ ।

एउटा सामूहिक प्रयासको सफल नमुना "इक्युटिवल पाईनियोर रोचडेल कोअपरेटिभ सोसाइटी" सन् १८४४ मा वेलायतको रोचडेल भन्ने शहरको कपडा करखानाका एक जना महिला समेत २८ जना मजदुरहरूले जीवन निर्वाहका लागि सुलभ मूल्यमा गुणस्तरीय दैनिक उपभोग्य बस्तु प्रदान गर्न सहकारी संस्था विधिवत दर्ता गरी संचालन गरेको विश्वकै प्रथम सहकारी संस्था हो । सदस्यहरूबाट सदस्यहरूका लागि संचालन गरिएको यस सहकारी उपभोक्ता पसलमा सदस्यहरूले विना पारिश्रमिक आलोपालो गरी दुकान संचालन गर्ने, न्यूनतम मूल्यमा गुणस्तरीय सामान उपलब्ध गर्ने, शेयर सदस्य हुनुपर्ने, प्रजातान्त्रिक पद्धतिबाट नेतृत्व चयन, प्रजातान्त्रिक नियन्त्रण, एक सदस्य एकमत अर्थात् अन्य कम्पनीहरूमा जस्तै शेयर रकमको आधारमा भोटिङ्ग अधिकार नभै व्यक्तिको आधारमा भोटिङ्गको व्यवस्था, सबै सदस्यहरूमा समानता, पारदर्शिता, खुला सदस्यता, पूँजी लगानी गरेअनुसार मुनाफा, सदस्यहरूको हेरचाह जस्ता आधारभूत नीति, नियमहरू बनाई सुरू गरेको यो उपभोक्ता सहकारी पसल सुरूका दिनहरूमा अन्य निजी क्षेत्रका व्यवसायीहरूले अनेकौं व्यवधान, वाधाहरू दिएता पनि आफ्नै सदस्य केन्द्रित र सुफथ मूल्यमा गुणस्तरीय सामानहरू उपलब्ध भएकोले पूर्ण सफलताका साथ संचालन भयो । यही सहकारीले छोटो समयमै पाउरोटी उद्योग जस्ता केही उपभोग्य वस्तुहरूको उद्योग खोली सफलतापूर्वक संचालन गरेकोले सहकारी पसल, उद्योगको ख्याति युरोपका अन्य मुलुकहरूमा फैलियो र छोटो समयमा सहकारीको उपभोक्ता पसलबाट सुरू भएको व्यवसाय कृषि, फलफूल, तरकारी, दुग्ध मत्स्यपालन, उर्जा, संचार, यातायात, होटल, पर्यटन सहकारीका साथै वित्तीय कारोवार गर्ने क्रेडिट युनियन (बचत तथा ऋण सहकारी) हरू संचालन हुन थाल्यो र विस्तारै युरोपेली मुलुकहरू हुँदै अमेरिका, क्यानडा, जापान, अस्ट्रेलिया, कोरिया, चाइना, भारत, पाकिस्तान, अफ्रिका हुँदै विश्वव्यापी भयो । यसको आवश्यकता र महत्त्वलाई वुझी संयुक्त राष्ट्र संघले पनि मान्यता दिई प्रत्येक वर्ष सहकारी दिवस मनाउनुका साथै कतिपय महत्त्वपूर्ण विकासका योजनाहरूमा सहकारी संघ संस्थाहरू संग सहकार्य गर्दै आएको छ । विश्वभरको सहकारी संस्थाहरूलाई संगठित गर्न सन् १८९५ मा The International Co-operative Alliance (ICA) को स्थापना भयो र

सहकारीहरू आफ्ना मूलभूत भावनाबाट विचलित नहोउन् भनी सहकारीका प्रवर्तक रोचडेलीहरूले अपनाएका नियमहरूलाई केही परिमार्जित गरी सबै सहकारीहरूले पालना गर्नुपर्ने भनी ७ वटा सिद्धान्तहरूको प्रतिपादन गरी लागु गरेको छ, ती हुन् (१) स्वेच्छिक तथा खुल्ला सदस्यता, (२) सदस्यहरू द्वारा प्रजातान्त्रिक नियन्त्रण, (३) सदस्यहरूद्वारा आर्थिक सहभागिता, (४) स्वायत्तता र स्वतन्त्रता, (५) शिक्षा, तालिम र सूचना, (६) सहकारीहरू बीच सहयोग र (७) समुदायप्रति चासो । यीनै ७ वटा सिद्धान्तहरूलाई समेटेर सहकारीलाई निम्न बमोजिम परिभाषित गरिएको छ ।

सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू परिपूर्ति गर्न स्वैच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो । सहकारी संस्थाहरू स्वावलम्वन, स्व-उत्तरदायित्व, समानता, न्याय र ऐक्यवद्धताका मूल्यहरूमा आधारित हुनु पर्दछ र आफ्ना संस्थापकहरूको परम्परामा सहकारी संस्थाको सदस्यहरूले इमान्दारीता, खुलापन सामाजिक दायित्व र अरूको हेरचार गर्ने नैतिक मूल्यहरूमा विश्वास राख्ने हुनुपर्छ ।

विश्व ऋण परिषदको (WOCCU-International Operating Principles) संचालन सिद्धान्त अनुसार बचत तथा ऋण सहकारीका दश वटा निम्न बमोजिमका छन् ।

**(क) सहकारी संरचना (Co-operative structure)**

१.सदस्यको स्वामित्व (Member Owned)
२.सदस्यहरूको नियन्त्रण (Member Controlled)
३.प्रजातान्त्रिक नियन्त्रण (Democratic Control)

**(ख) सदस्यलाई सेवा (Service to Member)**

४. वित्तीय समावेशीकरण (Financial Inclusion)
५. वित्तीय दिगोपना (स्थायित्व) (Financial Sustainability)
६. सदस्यहरूको आर्थिक लाभमा वृद्धि ( Maximizing Member Economic Benefit)

**(ग) सामाजिक उत्तरदायित्व (Social Responsibility)**

७. वित्तीय साक्षरता (Financial Literacy)
८. सञ्जाल सहकार्य (Network Co-operation)
९. सामाजिक उत्तरदायित्व (Community Responsibility)
१०. विश्वव्यापी परिकल्पना (Global Vision)

**बचत तथा ऋण सहकारीका ४ सिद्धान्तहरू :-**

१. सदस्य सुरक्षा, २. सुशासन, ३. सञ्जाल र ४. सुरक्षा र स्वस्थताका सिद्धान्त हुन् ।

अन्य व्यवसायीहरू भन्दा सहकारीहरू आधारभूत मूल्यहरू र नैतिक मूल्यहरू जस्तै आत्म सहयोग, स्व-उतरदायित्व, लोकतन्त्र, समानता र समता (न्याय) तथा इमान्दारिता, खुल्लापन, सामाजिक उत्तरदायित्व, अरूको हेरचार र ऐक्यबद्धता अनुसार संचालन गर्नु पर्ने हुन्छ ।

**नेपालमा सहकारीको विकासक्रम :-**

विक्रम सम्बत् २०१३ साल चैत्र २० गते चितवनको बाढी पीडितहरूको सहयोगार्थ तत्कालीन कृषि मन्त्री बखान सिं गुरूङ्गले स्थापना गरेको "बखान सहकारी" नेपालको पहिलो सहकारी संस्था हो । यही सहकारी स्थापना भएको दिन चैत्र २० गतेलाई नेपालको राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउने गरिन्छ ।

नेपालको सहकारी अभियानको सन्दर्भमा २०१० सालमा सहकारी विभागको स्थापना प्रधान मन्त्री टंकप्रसाद आचार्य हुँदाको, २०१३ सालमा बखान सहकारी संस्थाको स्थापना चितवनमा, २०१६ सालमा सहकारी ऐन जारी (वि.पि.कोइराला प्रधान मन्त्री हुँदा), २०१८ सालमा सहकारी नियमावली, २०२१ मा बचत तथा ऋण सहकारी संस्था (पछि कृषि विकास बैकमा गाभिएको) पञ्चायतीकालको साझा सहकारी ऐन २०४१ र नियमावली २०४३ का चरणहरू पर गर्दै २०४६ सालको जनआन्दोलन

पछि बहुदलीय प्रजातन्त्रको स्थापनापश्चात अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुरूप सहकारी मैत्री ऐन २०४८ आयो र नेपालमा स्वस्फूर्तरूपमा जनस्तरबाट सहकारी संस्था खुल्न थाल्यो जसको फलस्वरूप सात, आठ सयको संख्यामा रहेको सहकारी संघ संस्थाहरू बढेर भ्रण्डै पैतिस हजारको हाराहारीमा पुग्न गयो जसमध्ये बचत तथा ऋण सहकारी संघ संस्थाहरूको संख्या करिब चौध हजारसम्म पुग्यो । संख्यात्मक हिसावले वृद्धि भैरहेको सहकारी संघ संस्थाहरूमा गुणस्तरको अभाव तथा केही कमी कमजोरीहरू देखा पर्न लाग्यो । केही सहकारीहरू खास गरी बचत तथा ऋणका सहकारीहरू पलायन हुने, अनुगमन तथा सहकारी शिक्षाको अभावमा नीति विधिको पालनामा लापरवाहीले गर्दा सहकारी ऐन २०४८ ले दिएको कतिपय उदार नीतिहरूलाई संकुचन गरी सहकारी विभागले २०६८ को सहकारीको मापडण्ड जारी गऱ्यो । जसले खासगरी बचत तथा ऋण सहकारी संस्थाहरूको दर्तामा बन्देज, कार्य क्षेत्रको संकुचन, बचत सङ्कलन गैर सदस्यहरू संग गर्न नपाउने, २०% सम्म आयकर लगाउने, एक वस्तुगत सहकारीको सदस्य सोही वस्तुगत अन्य सहकारीको सदस्य हुन नपाउने । अनुगमनको व्यवस्था, कतिपय प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पठाउनु पर्ने व्यवस्थाहरू गरियो ।

२०६२ सालको जनआन्दोलनको फलस्वरूप गणतान्त्रिक र संघीय व्यवस्था लागु भई सहकारी अभियन्ताहरूको प्रयासले नेपालको नयाँ संविधान २०७२ को धारा ५१ (घ १) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुढृढ गर्ने भन्ने उल्लेख भएकोले सहकारीलाई आर्थिक विकासको लागि एउटा महत्वपूर्ण खम्बाको रूपमा लिनु उपलब्धि भएको मान्नुपर्छ ।

सहकारी मन्त्रालय, सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय संघ तथा अन्य सबै वस्तुगत सहकारी संघ तथा सहकारी अभियन्ताहरूको सल्लाह र सुझाव अनुसार २०४८ को सहकारी ऐनलाई परिमार्जित गर्दै त्यहाँ भएका कमी कमजोरीहरूलाई सुधार र परिमार्जित गर्दै मुलुकको गणतान्त्रित संघीय स्वरूप अनुसार नयाँ सहकारी ऐन २०७४ र नियमावली २०७५ आएको छ जसमा आयकरमा गाउँपालिकाका सहकारीहरूलाई छुट, नगरपालिका सहकारीलाई ५%, उपमहानगरपालिकालाई ७% र महानगरपालिका सहकारीलाई १०% लाग्ने व्यवस्था सह्राहनीय छ । त्यस्तै अन्य व्यवस्थाहरूमा दर्ताका प्रक्रिया, कार्य क्षेत्र, अनुगमनका व्यवस्था, रिपोटिङ्ग व्यवस्था, कर्जा सूचना केन्द्र, कोपोमिस, सम्पत्ति शुद्धीकरण, कर्जा असुलीमा ग्राह्यता, स्थिरीकरण कोष, एकीकरण र विघटन, विविध कोषहरू, सहकारीका सदस्य तथा पदाधिकारीहरूको अधिकार कर्तव्य, दायित्व, सहकारी संघ संस्थाहरूको भूमिका, विशिष्टीकृत सहकारी संघको अवधारणा, PEARLS अनुगमन प्रणाली, दण्ड जरिवाना तथा पुरस्कारको व्यवस्था यस नयाँ ऐन र नियमावलीका सकारात्मक पक्षहरू हुन् भने यसको कार्यान्वयन पक्ष विशुद्ध र प्रभावकारी भएमा हामीले र राष्ट्रले चाहेको जस्तो आर्थिक विकासमा, गरीबी न्यूनीकरण, उत्पादन वृद्धिमा सहकारीहरूले अवस्य पनि अत्यन्त महत्त्वपूर्ण योगदान गर्न सक्ने छन् ।

अबको संरचनामा संघीय, प्रदेश र स्थानीय सरकार भएकोले सोही अनुरूप कार्यक्षेत्र, नीति नियम, नियामक निकायहरू हुने भएकोले केही अस्पष्टता हुनु, नियमहरू बाझिनु, कार्यलयको व्यवस्थापन राम्रो नहुनु तथा दक्ष कर्मचारीहरूको अभाव हुनाले ढिला सुस्ती र अन्यौलको अवस्थाहरू पनि सिर्जना नभएका होइनन् तर पनि विस्तारै सुधार हुँदै जानेमा हामी विश्वस्त छौं ।

हाल नेपालभर ३०८७९ सहकारी संस्थाहरू, ७३,३७,२५२ शेयर सदस्य रहेको छ र कुल शेयर पूँजी ९४ अर्व १२ करोड, बचत परिचालन ४ खर्व ७७ अर्व ९९ करोड भई कूल कर्जा प्रवाह ४ खर्व २७ अर्व ३१ करोड छ । सहकारीले प्रत्यक्ष रोजगारी ९१३०१ जनालाई प्रदान गरेको छ । सहकारीहरूको संख्या लुम्बिनी प्रदेशमा कार्यक्षेत्र भएको ७१५, रूपन्देही जिल्लामा ७३० र बुटवल उप-महानगरपालिका भरी कार्यक्षेत्र भएको १४२ वटा छन् ।

**वर्तमान आर्थिक झलक :-**

कोभिड १९ को महामारी र रूस युक्रेनको युद्धले विश्वको अर्थतन्त्रलाई प्राभावित पारेको छ । कोभिड १९ को चौथो लहर नेपालमा पनि आउने संकेत देखा पर्न थालेको छ । २०७६ साल चैत्र ११ र त्यस पछी भएका लकडाउनको असर हाम्रो आर्थिक कारोवारमा पनि पर्दै आएको छ । मुलुकले व्यापार

घाटा झण्डै १६ खर्व सम्म व्यहोर्नु परेको छ । विदेशी संचित मुद्रा ६/७ महिनालाई मात्र धान्न सक्ने अवस्थामा छ । रेमिटेन्स पनि घटेको छ । त्यसैले २५२ वटा वस्तुको आयतमा प्रतिवन्ध, प्रतितपत्र खोल्दा शत प्रतिशत धरौटी, व्याजदरमा बृद्धि, लगानीमा संकुच गर्ने नीति अपनाई आर्थिक अवस्थालाई सुधार गर्ने प्रयास राज्य र नेपाल राष्ट्र बैंकबाट भैरहेको छ । सन् २०२१ म विश्वको औसत मुद्रा स्फिति ७.४०%, एशियाको ४.२४%, चीनको ५.००%, भारतको ६.४०% र नेपालको ७.८१% रहेको छ । विश्वको ग्रार्हस्थ उत्पादन (GDP) सन् २०२१ मा ५.८०% रहेकोमा नेपालको सन् २०१९ मा २.४०% ऋणात्मक रहेकोमा केही सुधार भई सन् २०२१ मा ४.००% भएको छ ।

अव आयात घटाउन अनावश्यक विलासिताका वस्तुहरू नभित्र्याउने, स्वदेशी वस्तुहरूको उत्पादनमा वृद्धि गर्ने, स्वदेशी वस्तुहरूको प्रयोग गर्ने हामी सबैले संकल्प लिनु पर्ने वेला आईसकेको छ । प्राकृतिक सौन्दर्य र सम्पदाहरूको उचित प्रयोग गर्ने तर्फ सरकार, नीजि क्षेत्र र सहकारी हामी सबैले अत्यन्त गम्भीर भएर सोच्ने र कार्यान्वयन गर्नु, देशको आफ्नो प्राकृतिक श्रोत साधानलाई उपयोग गर्न ठोस योजनाहरू वनाउनु पर्ने आवश्यकता भैसकेको छ ।

विगत तीन वर्षदेखि कोभिड, लकडाउनले व्यवसायहरू वन्द हुनु, जनशक्तिको अभाव, कृषि उत्पादनमा ह्रास हुनाले त्यसको प्रत्यक्ष प्रभाव हाम्रा सदस्यहरूलाई पनि पर्न गएकोले ऋणी सदस्यहरूबाट उठ्नु पर्ने व्याज उठ्न नसक्दा र विगत पाँच महिनादेखि बैंकहरूमा न्यून तरलता रहेकोले निक्षेप तान्नलाई नयाँ नयाँ योजनाहरू र व्याजदर ७/८% बाट ११/१२% हुन गएको र कर्जाको लिने व्याज सोही अनुपातमा तुरून्त बढाउन नसकिएकोले हामीले पनि वाध्यभै व्याजदर वृद्धि गर्नुपर्ने अवस्था आयो र यो आ.व.मा शेयर लाभाँश ७.३५% र संरक्षित पूँजी फिर्ता कोषबाट बचत कर्ताहरूलाई ३.५०% र ऋणी सदस्यहरूलाई ५.००% प्रदान गर्ने अवस्थामा छौं । आगामी आ.व.मा वाँकी रहेका व्याजदर उठाई लाभांश वृद्धि गर्नेतर्फ विशेष ध्यान दिइने छ । ऋणी सदस्यज्यूहरूलाई साँवाका किस्ता रकम तथा सवै व्याज समयमै वुझाई सहयोग गर्न हार्दिक अनुरोध छ ।

विक्रम सम्वत २०५४ भाद्र १६ गते जिल्ला सहकारी कार्यालय भैरहवामा दर्ता गरी सोही बर्षको पुष १० गते "बचत गरौं - बचतको सदुपयोग गरौं" "सहकारिताबाट सम्पन्नता - हाम्रो प्रतिवद्धता" भन्ने नारालाई आत्मसाथ गर्दै ३८ जना शेयर सदस्यहरूबाट स्थापना भएको यो लुम्बिनी बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा योगदान पुऱ्याउँदै गौरव पूर्ण २५ औं वार्षिक साधारण सभा सम्पन्न गर्दैछ । यस संस्थालाई आजको अवस्थासम्म पुऱ्याउन निरन्तर हामीलाई सहयोग र समर्थन गर्ने शेयर सदस्यहरू, संचालकहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरू, विभिन्न कमिटिका संयोजक, सहसंयोजक र सदस्यहरू हाम्रा शुभेच्छुकहरू र इमान्दर कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु र आगामी दिनहरूमा पनि यहाँहरूको साथ र सहयोग रहनेमा विश्वस्त छु ।

अन्तमा, सहकारी अभियानलाई टेवा पुऱ्याउने विश्वभरका सम्पूर्ण दिवङ्गत सहकारी अभियन्ताहरू र यस आ.व.मा स्वर्गारोहण भएका हाम्रा शेयर सदस्यहरू हरिकला भण्डारी, उर्मिला देवी श्रेष्ठ, राज कुमार शाही, लक्ष्मी साई, जितेन्द्रराज अमात्य, किसन पौडेल, प्रविण कुमार श्रेष्ठ, शिव नारायण चौधरी, वेगेन्द्रमान कर्माचार्य, चिरन्जीवी ध्वज जोशी र कमल रानाप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै यो प्रतिवेदनलाई विश्राम दिन्छु, धन्यवाद !

जय सहकारी !!!

# लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

## बुटवल-४, राममन्दिर लाईनको आर्थिक झलक:

### आर्थिक कारोवार २०७९ भदौ २० गते सम्म

१) संस्थाले कारोबार सुरु गरेको बर्ष :- २०५४/०९/१०, दर्ता नं.१३१/१३९/०५४/०५५, मिति : २०५४/०५/१६
२) सदस्य संख्या :- महिला १७१४, पुरूष १६७७, संस्थागत सदस्य ५२, जम्मा सदस्य संख्या ३४४३
३) कारोबार :- बचत संकलन तथा ऋण लगानी
४) शेयर पूँजी :- १८,८७,८०,८००|-
५) संस्थागत पूँजी :- ११,६६,५२,१२३|५३
६) बचत संकलन :- १,७८,२७,१६,१४३|३१
७) बचत फिर्ता:- ७०,०५,६१,६१२|४२
८) बचत मौज्दात :- १,०८,२१,५४,५३०|८९
९) कर्जा लगानी :- १,०६,५२,३९,४०८|३४
१०) कर्जा असुली :- २१,२२,८३,२२६|४८
११) कर्जा मौज्दात :- ८५,२९,५६,१८१|८६
१२) कोष हिसाव :- ५,६४,९९,४३९|०३
१३) लगानी :- ३५,९४,६०,९३०|१२

**लुम्बिनी साकोस गान**

जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी
हितकारी यो आपद्‌विपद्‌मा सेवा गर्ने उपकारी ।


आर्थिक सामाजिक साँस्कृतिक तीन नदीको संगम यो
सहयोगी भै सहकार्यमा नै रम्ने पावन धाम हो यो
थोपा थोपा सञ्चित गरेर घैला भरेर अर्पन्छ
बचत गरौं अनि बचतलाई गरौं सदुपयोग यही भन्छ
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

स्वेच्छिक खुल्ला सदस्यता र सदस्यद्वारा नियन्त्रित यो
तालिम शिक्षा सुविधा दिएर गर्ने निरन्तर सूचित यो
स्वायत्तता र स्वतन्त्रताको पहरेदार यो सहचारी
समुदायमा नै चासो राख्ने लुम्बिनी हाम्रो सहकारी
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

**१४) ब्याजदर** :- (क) निक्षेपहरुमा दिने ६.००% – १२.००% (ख) कर्जामा लिने १३.००% - १४.००% सम्म
**१५) कार्यक्षेत्र** :- रुपन्देही जिल्लाभर ।
**१६) तालिम** :-
(क) संस्थाका पदाधिकारी ज्यूहरुलाई डिभिजन सहकारी कार्यालय तथा संघ संस्थाले आयोजना गरेको सहकारी तालिममा सहभागी गराएको ।
(ख) कर्मचारीहरुलाई विभिन्न सहकारी तालिमहरुमा सहभागी गराएको ।
(ग) बेलवास सेवा केन्द्रमा व्यवसायीक तालिम केन्द्र स्थापना गरी बुटिक तालिम सदस्यहरुलाई दिईएको र हाल सिलाई कटाई तालिम भईरहेको छ ।
१७) प्राथमिक उपचार केन्द्रको आफ्नै संस्थामा संचालन भईरहेको छ ।
ॐ ज्ञान ज्योति, द्वैमासिक पत्रिकामा ३९ औं अंङ्क देखि नियमित रुपमा यस संस्थाका गतिविधिहरु प्रकाशित गर्न सहकार्य गरेको ।

**हाम्रो गतिविधि**
**Web Site:**
**www.Lumbinicop.com.np मा हेर्न सक्नु हुन्छ ।**

**१८) सामाजिक कार्यहरु** :-
(क) वृद्धाश्रम, कुष्ठरोग प्रभावित कल्याण संस्था, बाल आश्रम र मानव सेवा आश्रम लाई सहयोग ।
(ख) नव जागृति पुस्तकालयलाई सहकारी पुस्तकहरु प्रदान गरिएको ।
(ग) स्वस्थ्य शिविर संचालन गरिएको ।
(घ) वृद्धाश्रम हातामा वृक्षारोपण गरेको तथा उद्यान निर्माण ।
(ङ) रक्तदान गरेको तथा १५ जना असहायहरुका लागि आर्थिक सहयोग प्रदान गरेको (रक्तसञ्चार केन्द्र मार्फत) । यस संस्थाको २५ औं स्थापना दिवसको उपलक्ष्यमा २५ पिन्ट रक्तदान तथा ३८ जनाको निशुल्क मधुमेह तथा किटिनाईन परीक्षण गरेको ।
(च) सहकारी साहित्य गोष्ठी गरेको । श्री नव जागृति पुस्तकालय परिसरमा उद्यान निर्माण ।
(छ) कक्षा १२ मा A+ ल्याई उत्तिर्ण हुने शेयर सदस्यका छात्र, छात्राहरुलाई दोसल्ला तथा प्रमाण-पत्र, पुरस्कार नगद सहीत सम्मान गर्ने शेयर सदस्यका एकाघर परिवारमा डाक्टर, इन्जीनियर, Mphil, CA आदि उपाधी प्राप्त गरेकालाई सम्मान गर्ने ।
(ज) युवा जनशक्ति र सहकारी –विषयक गोष्ठी । नेतृत्व विकास तालिम ।
(झ) महिला स्वास्थ्य सचेतना कार्यक्रम गरेको । सहकारी शिक्षा तालिम ।




**१९) संस्थाले प्रदान गर्ने सेवा तथा भौतिक संरचना** -
(क) संस्थाको आफ्नै भवन ।
(ख) प्राथमिक उपचार सेवा/दुर्घटना वीमा रु. तीन लाखको ।
दिवङ्गत सदस्यका आश्रितलाई राहत रकम प्रदान ।
(ग) लेखाहरु सबै कम्प्यूटरबाट ।
(घ) देश विदेशबाट पठाएको रकम तुरुन्त झिक्न र ट्रान्सफरको सुविधा ।
(ङ) लुम्बिनी स्मार्ट एप्सबाट TopUp Services, Utilities Payment, Esewa Wallet, FonePay, Bank Fund Transfer, Internal Fund Transfer, Flight, Insurance Premium आफ्नो शेयर, बचत र ऋण खाताको व्यालेन्स हेर्न चौबिसै घण्टा सुविधा भएको ।
(च) लुम्बिनी ल्याव सेवा केन्द्रबाट रक्त परीक्षण दैनिक विहान ७ देखि २ बजे सम्म । (शनिबार बन्द)
**२०) सेवा केन्द्रहरु :**
(क) बेलवास सेवा केन्द्र, बुटवल-१३, बेलवास । (ख) देवीनगर सेवा केन्द्र, बुटवल-११, श्रेष्ठपथ ।
(ग) भलुही सेवा केन्द्र, देवदह-८, आर्दशपथ ।

"बचत गरौ बचतको सदुपयोग गरौं "
"सहकारीताबाट सम्पन्नता हाम्रो प्रतिबद्धता"

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा




२५ औं वार्षिक साधारण सभाको झलक ।




२५ औं वार्षिक साधारण सभामा स्वागत भाषण गर्दै संचालक सुजिता शेरचन ।



२५ औं वार्षिक साधारण सभाको सभा संचालन गर्दै संचालक सुमोदमान सैंजू ।



२५ औं वार्षिक साधारण सभामा राष्ट्रिय गान र लुम्बिनी साकोस गान गर्दै ।



२५ औं वार्षिक साधारण सभाको उद्घाटन पानसमा दीप प्रज्ज्वल गर्दै प्रमुख अतिथि नेफ्स्कूनका संचालक श्री सन्दिप सापकोटा ।




२५ औं वार्षिक साधारण सभामा संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठ ।




२५ औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिका संयोजक त्रिविक्रम श्रेष्ठबाट लेखा प्रतिवेदन प्रस्तुत गर्दै ।




विशिष्ट अतिथि बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष उज्ज्वल कसजूबाट मन्तव्य व्यक्त गर्दै, २५ औं वार्षिक साधारण सभामा ।

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा




संचालक उमा रानाबाट प्रस्तावहरु २५ औं वार्षिक साधारण सभामा पारीत गर्न प्रस्तुत गर्दै ।




भलुही सेवा केन्द्रका वरिष्ठ सदस्य विश्व हिन्दु महासंघ, भलुही न.पा.का अध्यक्ष गणेश आचार्यबाट शुभकामना मन्तव्य व्यक्त गर्दै ।




प्रमुख अतिथि नेफ्स्कूनका संचालक सन्दिप सापकोटाबाट शुभकामना मन्तव्य व्यक्त गर्दै ।




संचालक डा. द्वारिका प्रसाद प्रधानबाट धन्यवाद व्यक्त गर्दै ।




विशिष्ट अतिथि बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष उज्ज्वल कसजूलाई मायाँको चिनो प्रदान गर्दै ।




प्रमुख अतिथि नेफ्स्कूनका संचालक सन्दिप सापकोटालाई मायाँको चिनो प्रदान गर्दै ।



२५ औं वार्षिक साधारण सभामा सहभागी सदस्यहरु ।



भलुही सेवा केन्द्रमा आधारभूत सहकारी शिक्षा कार्यक्रमका प्रशिक्षक सहकारी बैंक बुटवल शाखाका व्यवस्थापक श्री नारायण बेलबासेका साथमा सहभागी पदाधिकारी तथा सदस्यहरु ।